// स्थानीय राजपत्र

**तानसेन नगरपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड ८) तानसेन, असार महिना २८ गते, २०८१ (संख्या ३)**

**भाग-१**

**तानसेन नगरपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८१ सालको ऐन नं. ३

## ऐनको नाम : तानसेन नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन, २०८१

**प्रस्तावना:** तानसेन नगरपालिकाको भाषा, कला, साहित्य, संस्कृति, सम्पदा, पर्यटन, परम्परा, रितिरिवाज, रहनसहन, ललितकला जात्रा तथा मेलापर्वहरुको संरक्षण, संबर्द्धन र शिक्षा, स्वास्थ्य, कुटिर उद्योग, कृषि आदि क्षेत्रको विकासमा गर्नु पर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सिर्जनाका माध्यमद्वारा समाज उपयोगी कृतिहरु तयार गर्ने विविध योजना तथा कार्यहरु कार्यान्वयन गराउन र यस क्षेत्रका प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न तानसेन नगर प्रज्ञा पतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ (१) र (२) तथा अनुसूची ८(२२) एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम तानसेन नगरपालिकाको १५ औं नगरसभाले यो ऐन बनाएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "तानसेन नगर प्रज्ञा पतिष्ठान ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणीकरण भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "तानसेन नगर प्रज्ञा पतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको तानसेन नगर प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ५ बमोजिमको तानसेन नगर प्रज्ञा प्रतिष्ठान सम्झनु पर्दछ ।

(ग) "पर्यटन विकास" भन्नाले तानसेन नगर क्षेत्रमा रहेका सम्पदा, संस्कृति, पर्यटकिय पूर्वाधार, मठ-मन्दिर, पर्यटकीय पदमार्ग तथा विभिन्न प्राकृतिक महत्वका क्षेत्रहरुको विकास र विस्तार सम्झनु पर्दछ ।

(घ) "ललितकला" भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्दछ ।

(ङ) "नाट्यकला" भन्नाले नाटक अभिनय र रङ्गकर्म सम्झनु पर्दछ ।

(च) "संगीत" भन्नाले गायन संगीत, वादन र नृत्य सम्झनु पर्दछ ।

(छ) "कुलपति" भन्नाले तानसेन नगरपालिकाका प्रमुख सम्झनु पर्दछ ।

(ज) "उप-कुलपति" भन्नाले दफा बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका उप-कुलपति सम्झनु पर्दछ ।

(झ) "पदाधिकारी" भन्नाले कुलपति, उप-कुलपति, प्रज्ञा सभाका सदस्य-सचिव र प्रज्ञा प्रतिष्ठानका सदस्य सम्झनु पर्दछ ।

(ञ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

# परिच्छेद-२

## तानसेन नगर प्रज्ञा प्रतिष्ठानको स्थापना, गठान तथा काम कर्तव्य र अधिकार

३. **तानसेन प्रज्ञा प्रतिष्ठानको स्थापना:** (१) तानसेन नगरपालिका क्षेत्र भित्रका सबै भाषा, साहित्य, सम्पदा संरक्षण, रितिरिवाज, रहनसहन, जात्रा तथा पर्वहरु, पर्यटन, शिक्षा, स्वास्थ्य, संस्कृति, ललितकलाको संरक्षण, संवर्द्धन र विकासका गर्ने काम समेतका लागि तानसेन नगर प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

२. तानसेन नगर प्रज्ञा प्रतिष्ठानको कार्यालय तानसेन नगरकार्यपालिकाको कार्यालय वा तोकिएको स्थानमा रहनेछ ।

**४. तानसेन नगर प्रज्ञा प्रतिष्ठानको गठन:** (१) तानसेन प्रज्ञा प्रतिष्ठानको संगठन संरचना देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) कुलपति | –नगर प्रमुख |
| (ख) उप–कुलपति | –तोकिए बमोजिमको व्यक्ति |
| (ग) सदस्य | –सम्बन्धित विधाको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट दफा ५(२) बमोजिम ५ जना महिला सहित प्रमुखले तोकेको १५ जना |
| (घ) सदस्य–सचिव | –योजना शाखा प्रमुख (तानसेन नगरपालिका) |

**५. सिफारिस समिति:** (१) दफा ४ को उपदफा (२) बमोजिम तानसेन नगर प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि नगरप्रमुख समक्ष नाम सिफरिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगरप्रमुखले तोकेको वडाध्यक्ष | –संयोजक |
| (ख) नगरप्रमुखले तोकेको विषयविज्ञबाट एक जना | –सदस्य |
| (ग) योजना शाखा प्रमुख | –सदस्य–सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले उप–कुलपति तथा सदस्यमा मनोनयनको लागि सिफारिस गर्दा भाषा, साहित्य, ललितकला, नाट्यकला, संगीत, संस्कृति सम्पदा, शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य प्राविधिक सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट सम्भव भए सबै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**६. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार:** तानसेन नगर प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीतको संरक्षण, संबर्द्धन र विकास गर्ने ।

(ख) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीत सम्बन्धित सामाग्रीको संकलन, अध्ययन अनुसान्धान गरी कृति प्रकाशन गर्ने गराउने ।

(ग) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीत सम्बन्धी विविध विषयमा प्रादेशिक राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शन तथा प्रतियोगिता आयोजना गर्ने गराउने ।

(घ) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीत सम्बन्धी विषयमा प्रादेशिक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुसँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदान प्रदान गर्ने ।

(ङ) भाषा, साहित्य, संस्कृति,सम्पदा, ललितकला, नाट्यकला, संगीत सम्बन्धी विषयमा प्रादेशिक राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठीमा भाग लिने ।

(च) महत्वपूर्ण कृतिको अनुवाद तथा प्रकाशन गर्ने गराउने ।

(छ) विभिन्न जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने ।

(ज) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीतका ग्रन्थ र सामाग्री संग्रह गर्ने ।

(झ) लोक साहित्य, लोक संगीत, लोक नृत्य जस्ता विधाका श्रव्यदृश्य सामाग्रीको निर्माण, संकलन, अध्ययन अनुसान्धान गरी तिनको डिजिटल अभिलेख राख्ने ।

(ञ) भाषा, साहित्य, संस्कृति, सम्पदा, ललितकला, नाट्यकला, संगीत सम्बन्धी विषयमा प्रतिभा विकास गर्ने वातावरण सृजना गर्ने ।

(ट) नगरलाई सम्पदा पर्यटन, शैक्षिक पर्यटन, कृषि पर्यटन, स्वास्थ्य पर्यटन र स्थानीय उत्पादनसंग समाबिष्ट पर्यटन क्षेत्र (हब) को रुपमा विकास गर्दै लैजाने ।

(ठ) नगरमा रहेका शिक्षण संस्था तथा स्वास्थ्य संस्थाहरुको अवलोकन, अनुगमन गरि ति संस्थाहरुको समय सापेक्ष स्तरोन्नती तथा आधुनिकिकरण गर्ने कार्यमा सिफारिस गर्ने ।

(ड) नगरको पर्यटन विकासका लागि गन्तव्यको पहिचान, पुरातत्वमा आधारित सम्पदाको विकास, आधुनिक पर्यटकीय संरचनाहरुको व्यवस्थापन र योजनाहरुको निर्माण गरि कार्यान्वयन गर्न नगरपालिकालाई सिफारिस गर्ने तथा कार्य गर्ने ।

(ढ) नगरपालिकाका विभिन्न क्षेत्र वडाहरुमा रहेको पर्यटकीय सम्पदा, मठ-मन्दिर, खुला प्राकृतिक सौन्दर्य आदिको संरक्षण र सम्बर्द्धनको लागि सिफारिस गर्ने गराउने ।

(ण) नगरपालिका क्षेत्र भित्र रहेका लोपोन्मुख भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

(त) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, संगीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने ।

(थ) नगरको स्थानीय पाठ्यपुस्तक निर्धारण गर्न सुझाव दिने ।

(द) धार्मिक तथा साँस्कृतिक मुल्य मान्यताको विकास गर्ने ।

(ध) तानसेनका मेला, पर्व तथा जात्राहरुको प्रवर्द्धन तथा संरक्षण गर्ने ।

**७. तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बैठक:** (१) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बैठक सामान्यतया बर्षको २ पटक बस्नेछ ।

(२) प्रतिष्ठानको बैठक कुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) प्रतिष्ठानको बैठक हुनुभन्दा कम्तीमा (२४) चौविस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य–सचिवले सबै सदस्यहरुलाई दिनु पर्ने छ ।

(४) प्रतिष्ठानमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा प्रतिष्ठानको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता प्रतिष्ठानको कुलपतिले र निजको अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

(६) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बैठकका निर्णय प्रतिष्ठानको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि प्रतिष्ठान आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–३

### तानसेन नगर प्रज्ञा प्रतिष्ठानको पदाधिकारी सम्बन्धी व्यवस्था

८. **उप–कुलपति:** (१) तानसेन नगर प्रज्ञा प्रतिष्ठानमा उप–कुलपति रहनेछन् ।

(२) दफा ४ को उपदफा २ बमोजिमका सदस्यहरु मध्येबाट नगर प्रमुखले उप–कुलपति नियुक्त गर्नेछन् ।

(३) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारीको काम उप–कुलपतिले गर्नेछ ।

९. **उप–कुलपतिको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा कुलपतिले गर्ने भनि तोकिए देखि बाहेक देहायका काम, कर्तव्य र अधिकार उप–कुलपतिले गर्नु पर्नेछ ।

(क) प्रज्ञा प्रतिष्ठानका वार्षिक कार्ययोजना तयार गरि प्रतिष्ठानको वार्षिक बजेटबाट पारित गर्ने ।

(ख) प्रतिष्ठानको अर्धवार्षिक र वार्षिक कार्यक्रम र प्रगति विवरण बैठकमा प्रस्तुत गर्न सदस्य सचिवलाई निर्देशन गर्ने ।

तानसेन नगर प्रज्ञा प्रतिष्ठानले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(घ) तानसेन नगर प्रज्ञा प्रतिष्ठानको काम कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी संघसंस्था एवं संघ तथा अन्य प्रदेशका प्रज्ञा प्रतिष्ठानहरुसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम सम्बन्ध कायम गर्ने ।

(च) तानसेन नगर प्रज्ञा प्रतिष्ठानले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने ।

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१०. सदस्य सचिवः** तानसेन नगर प्रज्ञा प्रतिष्ठानको सदस्य-सचिव तानसेन नगरपालिका योजना शाखा प्रमुख रहनेछन् ।

**११. पदाधिकारी सम्बन्धी व्यवस्थाः** (१) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

**१२. पद रिक्त हुने अवस्थाः** (१) देहायका अवस्थामा पदाधिकारी र प्रतिष्ठानका सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

(ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा १३ बमोजिम पदबाट हटेमा वा

(च) मृत्यु भएमा ।

**१३. पदबाट हटाउन सक्नेः** (१) पदाधिकारी वा प्रतिष्ठानका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा ईमान्दिारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई प्रज्ञा प्रतिष्ठानमा तत्काल कायम रहेका एक चौथाई सदस्यले नगरपालिका समक्ष लिखित निवेदन दिएमा कार्यपालिका सदस्यहरु माध्येबाट एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन नगरपालिका प्रमुख समक्ष पेश गर्नेछ र नगरपालिका प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि नगरपालिका समक्ष राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्तिवेदनका सम्बन्धमा नगरकार्यपालिकामा छलफल हुदा बहुमत सदस्यबाट पदाधिकारी वा प्रतिष्ठानका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरणनगरेको वा ईमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनि निर्णय गरेमा कुलपतिले त्यस्तो पदाधिकारी वा प्रतिष्ठानका सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिारी वा प्रतिष्ठानका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मानासिव मौका दिनु पर्नेछ ।

**१४. कर्मचारीः** (१) तानसेन नगर प्रज्ञा प्रतिष्ठानमा तोकिएको संख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको व्यवस्था तानसेन नगरपालिकाले गर्नेछ ।

# परिच्छेद–४

# विविध

१५. **सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने:** तानसेन नगर प्रज्ञा प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्य, ललितकला, नाट्यकला वा संगीत सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान, कदर तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

१६ **प्रतिवेदन पेश गर्नु पर्ने:** तानसेन नगर प्रज्ञा प्रतिष्ठानले प्रत्येक बर्ष आफुले गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन कुलपति मार्फत नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१७. **शपथ:** आफ्नो कार्यभार सम्हाल्नु अघि प्रज्ञा प्रतिष्ठानका उप–कुलपतिले कुलपति समक्ष, सदस्यले उप–कुलपति समक्ष अनुसूची १ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

१८. **अधिकार प्रत्याजोजन:** (१) तानसेन नगर प्रज्ञा प्रतिष्ठानले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उप–कुलपति वा सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न तानसेन नगरपालिकाले तानसेन नगर प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

२०. **खारेजी र बचाऊ:** यस ऐन र यस ऐनसँग बन्ने नियमहरु प्रचलित संघीय र लुम्बिनी प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२१. **पदावधि:** उप-कुलपति, पदाधिकारी र सदस्यहरुको पदावधि कम्तीमा २ वर्षको हुनेछ । कुलपतिको पदावधि समाप्त भए संगै सबै पदाधिकारी र सदस्यहरुको पदावधि समाप्त हुने छ ।

२२. प्रतिष्ठानको ऐन, नियम, विनियमसंग संघ, प्रदेश र स्थानिय सरकारको ऐन, नियमसंग बाझिएको अवस्थामा प्रतिष्ठानको ऐन, नियम, निर्देशिका निष्कृय हुनेछ ।

## अनुसुची-१

(दफा १७ सँग सम्बन्धित)

## शपथ

म ........................................................ तानसेन नगरपालिका र नगरवासी प्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु र ईश्वर, तानसेन नगरपालिका र नगरवासीको नाममा शपथ लिन्छु कि सार्वभौमसत्ता जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही तानसेन नगर प्रज्ञा पतिष्ठानको ........................ पदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डरनमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई ईमान्दरी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा म पदमा रहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः ..............................

नामः ..............................

सहीः ..............................

आज्ञाले
(हरिराम नागिला)
प्रमुख प्रशासकीय
अधिकृत